# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, वैशाख २७ गते २०३९ साल (संख्या ४

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

आयकर नियमावली, २०३९

आयकर ऐन, २०३१ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "आयकर नियमावली, २०३९ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले आयकर ऐन, २०३१ सम्झनुपर्छ ।

(ख) "आय निर्धारण" भन्नाले कर निर्धारण गर्नको लागि ऐनबमोजिम गरिएको खूद आय निर्धारण सम्झनुपर्छ ।

(ग) "विभाग" भन्नाले श्री ५ को सरकारको कर विभाग सम्झनुपर्छ ।

(घ) "कर कार्यालय" भन्नाले नियम ३ बमोजिम स्थापना भएको कर कार्यालय सम्झनुपर्छ ।

(ङ) "साना करदाता" भन्नाले नियम २५ बमोजिमको करदाता सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "समिति" भन्नाले नियम २६ बमोजिमको साना करदाता आयकर निर्धारण समिति सम्झनुपर्छ ।

३. कर कार्यालयको स्थापना र कार्यक्षेत्र: (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार कर कार्यालय स्थापना गर्न सक्नेछ र त्यस्तो कर कार्यालयको कार्यक्षेत्र सोही सूचनामा तोकिदिएबमोजिम हुनेछ ।

(२) यो नियमावली लागू हुँदाको बखत कायम रहेको कर कार्यालय उपनियम (१) बमोजिम स्थापना भएको र त्यसको कार्यक्षेत्र सोही उपनियमबमोजिम तोकिएको मानिनेछ ।

४. कर कार्यालयको कामको बाँडफाँड: प्रत्येक कर कार्यालयमा रहने शाखा, उपशाखाहरू तथा तिनिहरूको कामको बाँडफाँड सम्बन्धित कर अधिकृतले गर्नेछ र त्यसको जानकारी विभागलाई दिनु पर्नेछ ।

५. कर निरीक्षकको काम, कर्तव्य र अधिकार: कर निरीक्षकको काम, कर्तव्य र अधिकार ऐन, यो नियमावली तथा प्रचलित कानूनको अधीनमा रही विभागले तोकिदिए-बमोजिम हुनेछ ।

६. नाम दर्ता गराउनु पर्ने: (१) ऐनको दफा ५. क. बमोजिम कर कार्यालयमा नाम दर्ता गराई दर्ताको प्रमाणपत्र लिनु पर्ने व्यक्तिले सम्बन्धित कर अधिकृतसमक्ष अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कर अधिकृतले त्यस्तो व्यक्तिको उद्योग, व्यापार, पेशा वा व्यवसाय दर्ता गरी अनुसूची–२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

तर अस्थायी कारोवार गर्ने गैरनेपाली नागरिकको हकमा कर अधिकृतले त्यस्तो प्रमाणपत्र बहाल रहने अवधि तोकी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएको दर्ताको प्रमाणपत्र करदाताले कारोवार गर्ने ठाउँमा सबैले देख्ने स्थानमा राख्नु पर्नेछ । एकभन्दा बढी स्थानमा कारोवार भई मुख्य कार्यालय रहेको ठाउँको कर कार्यालयमा दर्ता भएको करदाताले त्यस्तो प्रमाणपत्र आफ्नो मुख्य कार्यालयमा र सोको प्रमाणित प्रतिलिपि वा फोटोकपी शाखा प्रशाखाहरूमा समेत राख्नु पर्नेछ ।

(४) ऐनको दफा ५. क. बमोजिम आयकर दर्ता प्रमाणपत्र लिनु पर्ने कर्तव्य भएको व्यक्तिले निकासी पैठारी लगायत अन्य लेनदेन कारोवार गर्दा त्यस्तो कारोवार गरिने कागजपत्र, प्रज्ञापनपत्र आदिमा आयकर दर्ता प्रमाणपत्रको संख्या-समेत उल्लेख गर्नु पर्नेछ ।

७. आय विवरण दाखिल गर्ने: (१) ऐनको दफा २७ र दफा २८ बमोजिम करदाताले आफ्नो आय विवरण दाखिल गर्दा ऐनको दफा ३२ मा उल्लेख भएबमोजिमको कर

अधिकारीक ... प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा अनुसूची–३ बमोजिमको ढाँचामा दाखिल गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आय विवरण दाखिल गर्ने कर्तव्य देहायको अवस्थामा देहायका व्यक्तिको हुनेछः–

(क) एकभन्दा बढी मालिक भएको फर्म वा साझेदारी फर्मको हकमा उक्त फर्मको मालिकहरू वा साझेदारहरूले तोकेको मालिक वा साझेदारले वा त्यस्तो कोही नभएमा वा त्यस्ता कसैले पनि पेश नगरेमा कर अधिकृतले तोकेको मालिक वा साझेदारले,

(ख) कुनै कम्पनी, फर्म वा सार्वजनिक संस्थाको हकमा त्यस्तो कम्पनी, फर्म वा संस्थाको मुख्य अधिकारीले,

(ग) नाबालक वा अशक्त व्यक्तिको हकमा त्यस्तो व्यक्तिको आय प्राप्त गर्ने व्यक्ति, संरक्षक वा निजको जिम्मा लिने व्यक्तिले,

(घ) मृत व्यक्तिको हकमा निजको आय उपभोग गर्ने व्यक्तिले,

(ङ) दम्पतिको हकमा लोग्ने र परिवारको हकमा परिवारको मुख्य भई काम गर्ने व्यक्तिले,

(च) अस्थायी वासिन्दाको हकमा त्यस्तो व्यक्तिको मुख्य अधिकारी वा निजको तर्फबाट नेपाल अधिराज्यभित्र कारोवार गर्ने व्यक्ति वा कर अधिकृतले तोकेको व्यक्तिले ।

(३) उपनियम (१) बमोजिम विवरण दाखिल गर्दा आफ्नो कारोवार वा आय स्रोतको किसिम र आयकर दर्ता प्रमाणपत्र संख्या उल्लेख गरी कारोवारको वासलात तथा नाफा नोक्सानको हिसाब समेत दाखिल गर्नु पर्नेछ । वासलात वा नाफा नोक्सानको हिसाब नहुने करदाताले आफ्नो कारोवारको जे जस्तो हिसाब छ त्यसको आधारमा पछि फरक नपर्ने गरी आय विवरण दाखिल गर्नु पर्नेछ ।

(४) करदाताले आय विवरण वा संशोधित विवरण दाखिल गर्दा ऐनको दफा ३५ क. बमोजिम आफ्नो आयमा लाग्ने करको रकम हिसाब गरी सो रकम अग्रिम रूपमा नेपाल राष्ट्र बैङ्क वा कर कार्यालयले तोकिदिएको बैङ्कमा जम्मा गरी त्यसको एक प्रति भौचरसमेत दाखिल गर्नु पर्नेछ ।

(५) ऐनको दफा ३३ को उपदफा (४) र दफा ४५ बमोजिम कर अधिकृतले प्रमाण पेश गर्ने आदेश दिएकोमा त्यस्तो प्रमाण पेश नभएको वा ऐनबमोजिम रीत नपुगी दाखिल हुन आएको आय विवरणलाई कर अधिकृतले अमान्य ठहराउन सक्नेछ ।

८. पारिश्रमिक आयको वार्षिक विवरण दिनु पर्नेः ऐनको दफा ३० अनुसार पारिश्रमिक आयको वार्षिक विवरण पेश गर्नु पर्ने उत्तरदायित्व भएको अधिकारीले

४०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ४ बमोजिमको फाराम भरी प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तसम्ममा त्यस्तो विवरण सम्बन्धित कर अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

९. पारिश्रमिक आयमा समावेश नगरिने: ऐनको दफा ८ बमोजिम पारिश्रमिक आय निर्धारण गर्दा श्री ५ को सरकारको अधिकांश वा आंशिक स्वामित्व भएका संस्थान वा विकास समिति वा कुनै बैङ्कले प्रदान गरेको उपदान तथा निवृत्तभरण पारिश्रमिक आयमा समावेश गरिनेछैन ।

१०. टुटफुट (डिप्रिसिएशन) कट्टा गरिने: (१) ऐनको दफा १२ बमोजिम वास्तविक खर्च कट्टा गर्नको लागि टुटफुट (डिप्रिसिएशन) मिह्रा दिँदा अनुसूची– ५ मा उल्लेखित दरबाट कट्टा गरिनेछ । यसरी टुटफुट कट्टी गर्दा घट्दो ह्रास कट्टी तरीका (डिमिनिसिंग बेलेन्स मेथड) अपनाइनेछ ।

(२) उपनियम (१) बमोजिम टुटफुट कट्टी गर्ने गरेका कुनै सम्पत्ति बेचविखन वा कुनै रूपमा स्वामित्व हस्तान्तरण भै प्राप्त हुने रकम त्यस्तो सम्पत्तिको गत वर्षसम्मको बाँकी मूल्यभन्दा बढी भएमा बढी भए जति रकम बिक्री भएको वर्षको आयमा समावेश गरिनेछ र घटी भएमा सो घटी भए जति रकम थप टुटफुटको रूपमा चालू वर्षको आयबाट कटाउन सकिनेछ ।

११. जीवन बीमाको प्रिमियम मिह्रा हुने: ऐनको दफा २६ को प्रयोजनको लागि आय आर्जन गर्ने व्यक्तिले राष्ट्रिय बीमा संस्थानसंग जीवन बीमा गरेकोमा मात्र सो जीवन बीमा बापत राष्ट्रिय बीमा संस्थानलाई तिरेको प्रिमियम रकम मिह्रा हुनेछ ।

१२. संचय कोष कट्टी सम्बन्धी शर्त बन्देज: ऐनको दफा १३ को खण्ड (ग) को प्रतिबन्धात्मक वाक्यांश र दफा ४२ को उपदफा (१) को खण्ड (झ) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको निमित्त कुनै कर्मचारीले कर्मचारी सञ्चय कोष बाहेक अन्य कुनै संचय कोषमा आफ्नो पारिश्रमिकको रकमबाट कट्टा गरी जम्मा गरिने र त्यसमा थप गरिने रकमको सम्बन्धमा काममा लगाउने संस्थाले देहायको शर्त तथा बन्देज पूरा गरेको हुनु पर्नेछ:–

(क) कर्मचारीको मासिक तलब रकमबाट बढीमा कर्मचारी संचयकोष ऐनबमोजिमको दर अनुसारसम्म कट्टा गरेको,

(ख) खण्ड (क) बमोजिम कट्टी भएको रकम बराबरसम्मको रकम मात्र थप गरेको,

(ग) खण्ड (क) र (ख) बमोजिम जम्मा भएको रकम नेपाल अधिराज्यभित्रको कुनै बैङ्कमा छुट्टै खातामा जम्मा गरेको वा श्री ५ को सरकारको ऋणपत्रमा लगानी गरेको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ग) बमोजिमको लगानीबाट भएको आय आफ्नो आय-व्यय हिसाबमा मिलाउन नपाउने वा आफूले लिन नपाउने गरिएको,

(ङ) सम्बन्धित कर्मचारी कुनै व्यहोराबाट सेवाबाट हटेमा खण्ड (क) र (ख) बमोजिम निजको नाममा जम्मा रहेको रकम निजलाई फिर्ता दिने व्यवस्था गरिएको ।

१३. एकलौटी फर्मको मालिकको कर निर्धारणः कुनै व्यक्तिको एक वा एकभन्दा बढी फर्महरूमा एकलौटी स्वामित्व रहेको भए त्यस्तो फर्म वा फर्महरूको र निजको अन्य स्रोतबाट आय हुने भए सोसमेत समावेश गरी संयुक्त रूपमा आयकर निर्धारण गर्नु पर्नेछ ।

१४. आवश्यक जानकारी लिंदाको म्यादः कर अधिकृतले ऐनको दफा ३१ बमोजिम कुनै करदाताको विषयमा जानकारी लिनु पर्दा त्यस्तो जानकारी दिने व्यक्ति वा कार्यालयलाई बढीमा पन्ध्र दिनसम्मको म्याद दिन सक्नेछ ।

१५. जिन्सीको आय निर्धारणः ऐन र यो नियमावलीको प्रयोजनको निमित्त कुनै करदाताको जिन्सी आयलाई नगदीमा परिणत गर्दा सो जिन्सी आय प्राप्त गरेको दिनको बजारको मूल्य सूचीको आधारमा र यस्तो सूची उपलब्ध नभएको अवस्थामा कर अधिकृतले ठहराएको आधार अनुसार नगदी आय कायम गरिनेछ ।

१६. कर निर्धारण आदेश पठाउनेः (१) कर अधिकृतले करदाताको आयकर निर्धारण गरेपछि करदातालाई कर निर्धारण आदेश पठाउनु पर्नेछ । त्यस्तो आदेशमा करदाताको खूद आयको हिसाब कसरी गरिएको छ र त्यसमा आयकर कसरी निर्धारण गरिएको छ र त्यसको छोटकरी विवरण र निर्धारित आयकर रकम दाखिला गर्ने बैंक वा कार्यालयको नाम समेत उल्लेख गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कर निर्धारण आदेश पठाएको मिति र करदाताले त्यस्तो आदेश बुझी लिएको मिति समेतको अभिलेख सम्बन्धित कर कार्यालयले राख्नु पर्नेछ ।

१७. निवेदनमा उल्लेख गर्नु पर्नेः ऐनको दफा ३४ को उपदफा (२) बमोजिम महानिर्देशक समक्ष दिइने निवेदनमा ऐनको दफा ५७ क. बमोजिमका कुराहरू उल्लेख गर्नु पर्नेछ र कर निर्धारण आदेशको प्रतिलिपि पनि संलग्न गर्नु पर्नेछ ।

१८. निवेदन दर्ता गर्ने कार्यविधिः (१) ऐनको दफा ३४ को उपदफा (२) बमोजिमको निवेदन विभागमा पर्न आएमा बुझी दर्ता गरी दिनु पर्नेछ ।

४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नियम १७ बमोजिमको रीत नपुगेको वा म्याद नाघेको निवेदनमा सोही व्यहोरा जनाई दरपीठ गरी निवेदन फिर्ता गरिदिनु पर्नेछ ।

१९. अग्रिम कर दाखिल गर्ने आदेशउपर दिने निवेदन: (१) ऐनको दफा ३५ को उपदफा (४) बमोजिम महानिर्देशकसमक्ष दिइने निवेदनमा अग्रिम कर माग गर्नु नपर्ने भए त्यसको कारण वा बढी रकम माग गरिएको भए के कति रकम बढी माग गरिएको र कुन आधारमा कति रकमसम्म अग्रिम कर माग गर्नु पर्ने थियो सोसमेत उल्लेख गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम महानिर्देशकसमक्ष निवेदन परेपछि महानिर्देशकले साधारणतया तीन महीनाभित्र सो निवेदनउपर कारवाही गरी सक्नु पर्नेछ ।

२०. कर कार्यालयमार्फत निवेदन दिन सक्ने: ऐनबमोजिम महानिर्देशकसमक्ष दिनु पर्ने निवेदन करदाताले सम्बन्धित कर कार्यालयमार्फत दिन सक्नेछ ।

२१. कर दाखिलाको सूचना दिनु पर्ने: ऐनको दफा ३७ बमोजिम कुनै कारदाताले दाखिला गर्न ल्याएको कर रकम बुझी लिने बैंक वा कार्यालयले त्यस्तो रकम बुझी लिएको मितिले तीन दिनभित्र सम्बन्धित कर कार्यालयलाई कर दाखिलाको सूचना दिनु पर्नेछ ।

२२. लिलाम बिक्री गर्दा अपनाउनु पर्ने कार्यविधि: (१) ऐनको दफा ३७ को उपदफा (३) को खण्ड (घ) बमोजिम कर कार्यालयले लिलाम बिक्री गर्दा अचल सम्पत्तिका हकमा पैंतीस दिन र चल सम्पत्तिका हकमा पन्ध्र दिनको म्याद टाँसी यथासम्भव स्थानीय पत्र-पत्रिकामा समेत सूचना प्रकाशित गरी स्थानीय प्रशासनका प्रतिनिधिलाई साक्षी राखी बढाबढ गरी लिलाम बिक्री गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्नुभन्दा अघि स्थानीय प्रशासनको र नजीकको अन्य कुनै एक अड्डाको प्रतिनिधि साक्षी राखी लिलाम गरिने सम्पत्तिको पञ्चकृति मोल कायम गर्नु पर्नेछ ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि पञ्चकृति मोल भन्नाले बिक्री गर्न खोज्दा कम्तीमा पाउन सक्ने मोल सम्झनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै सम्पत्ति लिलाम गर्दा सो सम्पत्तिको पञ्चकृति मोलभन्दा घटी मोल आएमा अर्को पटक लिलाम बढाबढ गर्नु पर्नेछ र दोस्रो पटक पनि पञ्चकृति मोलभन्दा घटी मोल भएमा तेस्रो पटक लिलाम बढाबढ गरी जतिसुकै मोल आए पनि लिलाम बिक्री गर्नु पर्नेछ ।

(४) लिलाम बिक्रीमा सकार गर्ने व्यक्तिलाई कर कार्यालयले चलन पूर्जि दिनु पर्नेछ ।

(५) लिलाम बिक्रीबाट आएको रकम असूल गर्नु पर्ने रकमभन्दा बढी भएमा बढी भएजति रकम सम्बन्धित करदातालाई फिर्ता गर्नुपर्छ । बढी रकम फिर्ता लिन आउन सूचना गरेको एक वर्षसम्ममा पनि फिर्ता लिन नआएमा सो रकम संचित कोषमा दाखिल गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. कागजात धुल्याउने: (१) आयकर निर्धारणको लागि खडा गरिने फाइलहरूमध्ये लेखापरीक्षण भै बेरुजू नरहेका, कर बुझाउन बाँकी नरहेका र अनुसन्धानको कारवाही नचलेका वा अन्य कुनै काम कारवाही बाँकी नरहेका फाइलहरूको सम्बन्धमा त्यस्ता फाइलमा समावेश हुने कागजातहरूमध्ये करदाताले पेश गरेको आय विवरण, कर निर्धारण आदेश, निर्णय पर्चा र कर बुझाएको बैंक भौचरहरू धुल्याइने छैन र सोदेखि बाहेक अन्य कागजातहरूको सम्बन्धमा कार्यालय प्रमुखले पर्चा खडा गरी सो धुल्याउन पर्ने कागजातको अभिलेख राख्न आवश्यक देखेमा त्यसको विषय र छोटकरी व्यहोरा खोलिएको अभिलेखसमेत खडा गरी काम कारवाही टुंगिएको पाँच वर्षपछि सो कागजपत्रहरू धुल्याउने आदेश कार्यालय प्रमुखले दिन सक्नेछ ।

(२) लेखापरीक्षण बेरुजू रहेका, कर बुझाउन बाँकी रहेका र अनुसन्धानको कारवाही चलिरहेका फाइलहरूको सम्बन्धमा भने त्यस्तो लेखापरीक्षण बेरुजू फछ्यौंट भएको, कर बुझाएको र अनुसन्धान कार्य पूरा भएको मितिले पाँच वर्षपछि त्यस्तो प्रमाणहरू तथा करदाताले पेश गरेको आय विवरण, कर निर्धारण आदेश र कर बुझाएको भौचरहरू जति बाँकी राखी अन्य कागजातहरूको सम्बन्धमा उपनियम (१) मा उल्लिखित रीत पुर्‍याई धुल्याउने आदेश कार्यालय प्रमुखले दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा उल्लिखित कागजपत्रहरू बाहेक अन्य कागजपत्रहरूको सम्बन्धमा प्रचलित कानूनबमोजिम धुल्याउन सकिनेछ ।

२४. विदेश जाने यात्रुलाई कर तिरेको वा कर नलाग्ने प्रमाणपत्र दिने: (१) नेपाल अधिराज्य छोडी विदेशतर्फ जान चाहने व्यक्तिले आयकर तिरेको वा आयकर नलाग्ने प्रमाणपत्र लिन सम्बन्धित कर अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा सम्बन्धित कर अधिकृतले त्यस्तो व्यक्तिलाई आयकर तिरेको वा आयकर नलाग्ने प्रमाणपत्र दिनु पर्नेछ ।

तर त्यस्तो प्रमाणपत्रको माग गर्ने व्यक्तिबाट ऐनबमोजिम लाग्ने आयकर असूल नभएसम्म वा निजले तिर्नु पर्ने आयकर तत्काल निर्धारण हुन नसक्ने भएमा ऐनको दफा ३५ बमोजिम धरौटी वा धन जमानी नराखेसम्म त्यस्तो प्रमाणपत्र दिइनेछैन ।

२५. साना करदाताहरूको आयकर निर्धारण : वार्षिक चालीस हजार रूपैयाँसम्म खूद आय हुने साना करदाताहरूको आयकर निर्धारण समितिले गर्नेछ ।

२६. साना करदाता आयकर निर्धारण समिति : (१) ऐनको दफा १७ क. को प्रयोजनको लागि साना करदाताहरूको आयकर स्थानीय रूपमा नै निर्धारण गर्न श्री ५ को सरकारले आवश्यकता अनुसार देहायका सदस्यहरू भएको साना करदाता आयकर निर्धारण समिति गठन गर्न सक्नेछ:—

७१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कर कार्यालयको प्रमुख वा निजले तोकेको एकजना अधिकृत– अध्यक्ष

(ख) भंसार अधिकृत वा निज नभएको ठाउँमा प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना अधिकृत– सदस्य

(ग) स्थानीय व्यापार संघका सभापति वा सो संघले तोकेको एक जना स्थानीय व्यापारी– सदस्य

(घ) खण्ड (ग) अनुसार व्यापार संघ नभएका ठाउँमा प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना स्थानीय प्रतिष्ठित व्यापारी– सदस्य

(२) उपनियम (१) बमोजिम गठित समितिको अवधि एक वर्षको हुनेछ र श्री ५ को सरकारले सो समितिको अवधि आवश्यकतानुसार बढाउन सक्नेछ ।

२७. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिले साना करदाताहरूको आय-कर निर्धारण गर्दा कुनै साना करदाताको खुद आय वार्षिक चालीस हजार रूपैयाँ भन्दा बढी हुने देखिएमा सो कुरा उल्लेख गरो त्यस्ता करदाताको विवरण कर कार्यालयमा पठाउनु पर्नेछ ।

(२) समितिले साना करदाताको आयकर निर्धारण गर्दा देहायका आधारहरू मध्ये कुनै वा सबै आधार लिन सक्नेछ । उक्त आधारहरूबाट आयकर निर्धारण हुन नसकेमा समितिले ऐनको दफा ३३ को उपदफा (२) मा उल्लिखित आधारहरू मध्ये कुनै वा सबै आधार लिई आयकर निर्धारण गर्न सक्नेछ ।

(क) करदाताको कारोवारको स्थान, कूल कारोवार (टर्न ओभर), गोदामको क्षमता, कारोवारको स्थलमा रहेको स्टक, दैनिक खरीद बिक्री सम्बन्धी क्रियाकलाप वा कारोवारमा लगाइएका कामदारहरूको संख्याको आधार,

(ख) करदाताको पुरानो कारोवारका विषयमा स्थानीय व्यापार संघ वा अन्य व्यापारी वा व्यक्तिहरूसंग बुझ्दा देखिन आएको आधार,

(ग) कारोवारको वस्तु र परिमाणमा सोही ठाउँको अन्य यस्तै करदाता बुझेर वा करदाताको अघिल्लो वर्षमा कायम भएको आयको आधार,

(घ) करदाताको आर्थिक अवस्था वा निजको परिवारमा आश्रित व्यक्तिहरूको आय आर्जनको आधार,

(ङ) करदातासंग नै छलफल गरेको आधार ।

(३) समितिले साना करदाताको कुनै आय वर्षको आयकर निर्धारण गर्नुभन्दा पहिले देहायका कुरा निश्चित गर्नु पर्नेछः–

(क) करदाताले वास्तविक रूपमा कारोवार शुरू गरेको मिति,

(ख) आयकर दर्ता प्रमाणपत्र संख्या ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (३) को खण्ड (क) बमोजिम करदाताले वास्तविक रूपमा कारोवार शुरू गरेको मिति निश्चित गर्न कुनै प्रमाण प्राप्त नभएमा वा करदाता- बाट जानकारी हुन नसकेमा वा जानकारी हुन सके पनि करदाताको जिकीर मनासिब माफिकको नदेखिएमा समितिले उपनियम (२) मा उल्लिखित आधार लिई कर- दाताले कारोवार शुरू गरेको मिति निर्धारण गर्न सक्नेछ ।

(५) साना करदाताले आफ्नो आय विवरण दाखिल गर्दा महानिर्देशकले तोकेको ढाँचामा दाखिल गर्नु पर्दछ ।

(६) आयकर निर्धारणको प्रयोजनको लागि समितिले आवश्यक ठानेमा करदाताको पसल, गोदाम, कारखाना आदि ठाउँको निरीक्षण गर्न सक्नेछ ।

(७) समितिले आयकर निर्धारण गरेपछि त्यसको लगत सम्बन्धित कर कार्यालयमा पठाउनु पर्नेछ ।

२८. <u>साना करदातालाई समितिसमक्ष उपस्थित गराई सोधपूछ गर्न सकिने</u> : समितिले कुनै साना करदाताको आयकर निर्धारण गर्नको लागि करदातालाई समितिसमक्ष उपस्थित गराई निजसंग सोधपूछ गर्न वा निजसंग भएको कागजपत्रको जाँचबुझ गर्न सक्नेछ ।

२९. <u>समितिलाई आवश्यक जानकारी दिनु पर्ने</u> : साना करदाताको आयकर निर्धारण गर्ने सम्बन्धमा समितिले त्यस्तो करदाताको विषयमा जानकारी हुने कुनै व्यक्ति वा संस्थासंग कुनै कुराको जानकारी माग गर्न सक्नेछ ।

३०. <u>खारेजी</u> : नेपाल आयकर नियमहरू, २०२० खारेज गरिएको छ ।

५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(नियम ६ (१) संग सम्बन्धित)

निवेदनपत्रको ढाँचा

श्री कर अधिकृत

..... .........

महोदय,

आयकर ऐन, २०३१ को दफा ५ क. अनुसार मेरा । हाम्रो उद्योग । व्यापार पेशा वा व्यवसाय दर्ता गरी दिनु हुन देहायको व्यहोरा सहित निवेदन गरेको छु । छौं ।

(१) करदाताको स्वीकृत नामः–

(२) कुन ऐन अन्तरगत कुन मितिमा कहाँ दर्ता भएको होः–
(दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ)

(३) कारोवारको किसिमः–
(के के वस्तुको कुन किसिमको कारोवार हो)

(४) उद्योग । व्यापार । पेशा । व्यवसायमा लगाएको–
(क) स्थिर पुंजीः–
(ख) चालू पूंजीः–

(५) (क) उद्योग । व्यापार । पेश वा व्यवसाय शुरू गरेको वा गर्ने मितिः–
(ख) करदाताको आय वर्षः–

(६) (क) प्रोप्राइटर, साझेदार, हिस्सेदारहरूको पूरा नाम, ठेगाना र नागरिकताः–
(ख) (१) पब्लिक लिमिटेड कम्पनी । संस्थान । बैङ्क भए २५ प्रतिशतभन्दा बढी शेयर हुने शेयर होल्डरको नाम, ठेगानाः–
(२) संस्थाको मुख्य भै काम गर्नेको पूरा नाम, ठेगाना र दर्जाः–

(७) (क) कारोवारको मुख्य स्थानः–
(ख) शाखा । प्रशाखा भए सो रहेको स्थानहरूः–

(८) एकलौटी, साझेदारी वा प्राइभेट लिमिटेड कम्पनी भए प्रोप्राइटर, प्रत्येक साझेदार वा हिस्सेदारहरूको पति । पत्नी नाबालक छोरा छोरीहरूको आय स्रोत छ । छैन ।
(भए उल्लेख गर्ने):–

(९) करदाताको नाउँमा नेपाल अधिराज्यमा घर जग्गा भए घर जग्गा संख्या र स्थानः–
(उक्त घर जग्गा बहालमा लगाएको छ छैन उल्लेख गर्ने)

(१०) करदाता वा निजको एकाईभित्रका सदस्यको नाममा सवारी साधन छ । छैन ।
(भए दर्ता नम्बर र किसिम उल्लेख गर्ने)

भवदीय,

दस्तखतः–

सही गर्नेको नाम र ठेगानाः–

करदातासंगको सम्बन्धः–

मितिः–

कार्यालयको प्रयोजनको लागि मात्र

आयकर दर्ता नम्बरः–

दर्ता, मिति–

फाइल नम्बरः–

(दर्ता गर्नेको सही):–

56

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ६ (२) संग सम्बन्धित)

श्री ५ को सरकार

कर कार्यालय

आयकर दर्ता प्रमाणपत्र

दर्ता नं. फाइल नं.

( ) ( )

दर्ता मितिः–

आयकर ऐन, २०३१ को दफा ५ क. बमोजिम देहायको उद्योग । व्यापार पेशा व्यवसायलाई दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

(१) व्यक्ति । फर्म । कम्पनीको नामः–

(२) ठेगानाः–

(३) मुख्य कारोवारको किसिम (नाम):–

(४) कारोवारको मुख्य स्थानः–

(५) मालिक । साझेदार । वा संचालक (मुख्य व्यक्ति) को नाम, थर, दर्जाः–

(६) मालिक । साझेदार । संचालक (मुख्य व्यक्ति) को ठेगानाः–

शाखा रहेको स्थानः–

... ... ... ... ... ...

(करदाताको सही) (कर अधिकृतको सही)

द्रष्टव्यः– यो प्रमाणपत्र पसल वा कार्यालयमा देखिने गरी राख्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३
(नियम ७ संग सम्बन्धित)
### आय विवरण

(१) व्यक्ति । फर्म । कम्पनीको नाम........
(२) आयकर दर्ता प्रमाणपत्र नं.........
(३) कारोवार रहेको स्थान............
(४) कानूनी स्थिति..............
(५) प्रोप्राइटरशिप । साझेदारी । प्रा.लि. । प.लि.......
(६) कारोवारको किसिम............... ( )

श्री कर अधिकृतज्यू
कर कार्यालय.........
महोदय,

आयकर ऐन, २०३१ बमोजिम मैले । हामीले पेश गर्नु पर्ने आ. व. २०३.. ।२०३.....( )..........लक वर्ष १ को मेरो । हाम्रो आम्दानीको विवरण निम्न लेखिएबमोजिम भएकोले म्यादभित्र पेश गरेको छु । छौं । त्यसमा ऐनबमोजिम आयकर निर्धारण भई आदेश प्राप्त भएपछि लागेको कर रकम कानूनबमोजिम बुझाउने छु । छौं । यो विवरण झुट्ठा ठहरे ऐन नियमबमोजिम सहने बुझाउने छु । छौं ।

सबै किसिमको आम्दानीको संक्षिप्त विवरण

| आयको शिर्षक | वार्षिक प्राप्त हुन आएको कूल आय (ग्रस इनकम) रु. | वार्षिक प्राप्त भएको कूल आयको रकम मा खर्च कट्टा गरी बाँकी खूद आय (नेट इनकम) रु. | आयकर वापत अग्रिम धरौटी वा कट्टी गरेको रकम रु. | कैफियत |
|---|---|---|---|---|
| क. उद्योग व्यापार पेशा, व्यवसाय | | | | |
| ख. पारिश्रमिक | | | | |
| ग. घरजग्गा वहाल | | | | |
| घ. अन्य श्रोतहरू | | | | |

विवरण पेश गर्नेको नाम, थर, वतन............
दस्तखत ..............................
दर्जा ..............................
ठेगाना । कार्यालय ....................
मिति..............................

(क) करदाताको पारिवारिक स्थितिः– व्यक्ति । दम्पति । परिवार..........
(ख) परिवारको अरू सदस्यको आय श्रोत छ । छैनः–..................
(ग) शाखा । उपशाखा, रहेको ठेगाना....................
(घ) आय विवरण साथ संलग्न कागतहरूको विवरण र संख्या.............

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उद्योग, व्यापार, पेशा, व्यवसाय सम्बन्धी पूरा विवरण

१. जम्मा प्राप्त रकम रु. . . . .
(क) बिक्रीबाट रु. . . . . .
(ख) फी, शुल्क, ब्याजबाट रु. . . . . .
(ग) अरू श्रोतबाट रु. . . . . .
. . . . . . . . . रु. . . . . .
. . . . . . . . . रु. . . . . .
. . . . . . . . . रु. . . . . .

२. जम्मा खरीद तथा सो सम्बन्धी खर्च रु. . . . .
(क) खरीद रु. . . . . .
(ख) खरीद तथा उत्पादन सम्बन्धी मात्र प्रत्यक्ष खर्च रु. . . . . .
(ग) अरू प्रत्यक्ष खर्च रु. . . . . .
. . . . . . . . . रु. . . . . .
. . . . . . . . . रु. . . . . .
. . . . . . . . . रु. . . . . .

३. खरीद बिक्रीको फरक (१ र २ को फरक) रु. . . . . .

४. मौज्दातको फरक (+) (−) रु. . . . . .
(क) शुरू मौज्दात रु. . . . . .
(ख) आखिरी मौज्दात रु. . . . . .

५. कूल मुनाफा

६ अन्य वास्तविक खर्चहरू रु. . . . . .
(क) घर बहाल रु. . . . . .
(ख) मर्मत रु. . . . . .
(ग) ब्याज रु. . . . . .
(घ) शुल्क दस्तुर आदि रु. . . . . .
(ङ) पारिश्रमिक रु. . . . . .
(च) असूल नहुने आसामी रु. . . . . .
(छ) परिवहन तथा भ्रमण रु. . . . . .
(ज) डिस्काउण्ट, कमिशन रु. . . . . .
(झ) प्रशासकीय खर्च रु. . . . . .
(ञ) टुटफुट (डिप्रिसिएशन) रु. . . . . .
(ट) अन्य खर्चहरू रु. . . . . .

७. खूद मुनाफा रु. . . . . .

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः–

(१) हिसाब किताबको आधारमा आय विवरण भर्ने करदाताले देहायबमोजिमको कागजात पेश गर्नु पर्दछ ।

(क) विवरण साथ नाफा नोक्सान हिसाब वासलात तथा लेखापरीक्षकको प्रतिवेदन ।

(ख) तलब पाउनेको दर्जा तथा मासिक तलब दर देखिने गरी जम्मा भुक्तानी भएको रकमको लगत ।

(ग) ह्रास कट्टा गरेको विवरण ।

(घ) शुरू र आखिरी मौज्दातको विवरण (तयारी माल, अर्ध तयारी तथा कोरा मालसमेत छुट्टा छुट्टै देखिने गरी) ।

(२) कार्यालयले माग गरेको बखत सवकल खातावही तथा अरू बिल भरपाई कच्चावारी तथा सो सम्बन्धी आवश्यक स्पष्टीकरण दिनु पर्दछ ।

करदाताको सही....

५८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ख) पारिश्रमिक आयको विवरण

श्री कर अधिकृतज्यू,
कर कार्यालय ... ... ... ... ...

महोदय,

आयकर ऐन, २०३१ बमोजिम मेरो आर्थिक वर्ष ... ... ... ... को पारिश्रमिक आयको विवरण पेश गरेको छु । फरक ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

(क) करदाताको पारिवारिक स्थितिः– (व्यक्ति, दम्पति, परिवार) ... ... ...

(ख) श्रीमान् वा श्रीमतीको पारिश्रमिक आय भए उहाँको नाम र कार्यालय ... ...

(आफू, आफ्नो श्रीमान्, श्रीमती र नाबालक छोरा छोरी समेतको, उद्योग, व्यापार, पेशा, व्यवसाय, वहाल, अन्य स्रोतको आय भए बेग्लै विवरण भरी भराई साथै पेश गर्नु पर्नेछ)

| (क) वार्षिक आय | | (ख) वार्षिक खर्च |
|---|---|---|
| १. तलब । ज्याला | रू. ... ... | १. परिवहन खर्च रू ... |
| २. भत्ता | रू. ... ... | २. पत्रपत्रिका खर्च रू. ... |
| ३. कमिशन । फी । शुल्क | रू. ... ... | ३. संचयकोष कट्टी रू. .. |
| ४. वोनस | रू. ... ... | ४. शैक्षिक खर्च रू ... |
| ५. अन्य आय | रू. ... ... | ५. जीवन बीमा |
| ... ... ... | रू. ... ... | प्रिमियम रू. ... |
| ... ... ... | रू. ... ... | |
| ६. अन्य सुविधा | रू. ... ... | ६. चन्दा खर्च रू. |
| | जम्मा | जम्मा |

उपर्युक्त आय (क) बाट खर्च (ख) कटाई बाँकी खूद आय रू ... ... ...

आर्थिक ऐन ... ... ... ... ... बमोजिम पाउने छूट रू. ... ... ...

कर योग्य आय रू. ... ... ... ...

उक्त कर योग्य आय रू. ... ... ... मा लाग्ने जम्मा कर रू ... ... मध्ये अग्रिम कट्टी भै रू. ... ... ... ... ... कार्यालयबाट दाखिला भै सकेकोले बाँकी कर रू. ... ... ... ... ... मिति ... ... ... ... ... मा बैंक दाखिल गरेको भौचर संलग्न छ ।

करदाताको सही ... ... ... ...
नाम ... ... ... ... ...
दर्जा ... ... ... ... ...
कार्यालय ... ... ... ... ...
ठेगाना ... ... ... ... ...
मिति ... ... ... ... ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः–

(१) परिवहन खर्च कार्यालयले नव्यहोर्ने भए मात्र पारिश्रमिकको ५ प्रतिशत छूट पाइनेछ ।

(२) पत्रपत्रिका । पुस्तक खर्च पारिश्रमिकको ५ प्रतिशत वा मासिक ५० रूपयाँले हुने मध्ये जुन घटी हुन्छ सो खर्च छुट पाइनेछ ।

(३) संचयकोष कट्टी तलबको १० प्रतिशतसम्म खर्च छूट पाइनेछ ।

(४) आफ्नो नाबालक छोरा छोरी दुईजनासम्मको पढाइको लागि लागेको खर्च बापत प्रत्येकको निमित्त पारिश्रमिकको अढाई प्रतिशतले जम्मा ५ प्रतिशत मात्र छूट पाइनेछ । यस्तो शैक्षिक खर्च पारिश्रमिक आय हुने पति वा पत्नी एक जनालाई मात्र वा दुवैलाई दिदा एक एक जना छोरा वा छोरीको लागि मात्र छूट दिइनेछ ।

(५) जीवन बीमा प्रिमियम खर्च र चन्दा खर्चको प्रमाण नै पेश गर्नु पर्दछ ।

पारिश्रमिक दिने कार्यालयले भर्ने

उपर्युक्तबमोजिम यस . . . . . . . . . . . का श्री . . . . . . . . . . . . . . . . . . . . को आर्थिक वर्ष २०३. .।२०३. . को पारिश्रमिक आय कर बापत वर्षभरि जम्मा रू . . . . . . . . . . . . अग्रिम कर कट्टी गरी बैंक दाखिल गरेको प्रमाणित गर्दछु ।

प्रमाणित गर्नेको सही . . . . . . . . . . . .

नाम, थर . . . . . . . . . . . . . . . .

दर्जा . . . . . . . . . . . . . . . . . .

कार्यालयको नाम . . . . . . . . . . . .

मिति . . . . . . . . . . . . . . . . .

६०

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ग) घर जग्गा बहालको पूरा विवरण

१. घरजग्गा बहालबाट भएको वार्षिक कूल आय रू. ... ... ...

२. खर्च रू. ... ... ...

(क) मर्मत रू. ... ... ...

(ख) घर बीमाको प्रिमियम रू. ... ... ...

(ग) कूत, तिरो र घरजग्गा कर रू. ... ... ...

(घ) वहाल लगाउँदा कमिशन दिएको भए रू. ... ... ...

(ङ) जीबन बीमा प्रिमियम रू. ... ... ...

(च) चन्दा खर्च रू. ... ... ...

३. घर वहालको खूद आय रू. ... ... ...

करदाताको सही ... ... ...

द्रष्टव्यः—

(१) घर वहालको सम्झौता साथै पेश गर्नु पर्दछ ।

(२) बीमा प्रिमियम, कूत, तिरो र कर तथा चन्दा तिरेको प्रमाणपत्र हुन आवश्यक छ ।

(३) कमिशन दिएको भए कसलाई दिएको हो त्यसको नाम, ठेगाना र भरपाईको नक्कल समेत विवरण साथ पेश गर्नुपर्दछ ।

(४) वैवाहिक सम्बन्ध कायम रहेको पति वा पत्नी र नाबालक छोरा छोरीको नाउँमा रहेको घर जग्गा बहालको आय समेत खुलाउनु पर्दछ ।

६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अन्य स्रोतको आयको पूरा विवरण

१. के वापत के कति रकम आय भएको हो वार्षिक प्राप्त रकम

(क) ... ... ... ... ...

(ख) ... ... ... ... ...

(ग) ... ... ... ... ...

(घ) ... ... ... ... ...

रू. ... ... ...

२. सो सम्बन्धमा भएको खर्चको विवरण

(क) ... ... ... ... ...

(ख) ... ... ... ... ...

(ग) ... ... ... ... ...

(घ) ... ... ... ... ...

रू. ... ... ...

खर्च कट्टा गर्दा खूद हुने आय रू. ... ... ... ...

करदाताको सही ... ... ...

द्रष्टव्य:-

(१) वारेस भै विवरण पेश गर्दा वारेसनामापत्र सामेल राखी पेश गर्नु पर्नेछ ।

(२) साझेदारी फर्मको हकमा साझेदारले र प्रा. लि. तथा लि. कं. को हकमा मुख्य प्रशासक वा काम गर्ने मुख्य व्यक्तिले यो विवरण पेश गर्नु पर्नेछ ।

उपर्युक्त विवरण बमोजिम:-

(क) उद्योग, व्यापार, पेशा, व्यवसायको खूद आय रू. ... ... ...

(ख) पारिश्रमिक खूद आय रू. ... ... ...

(ग) घर जग्गा वहालको खूद आय रू. ... ... ...

(घ) अन्य स्रोतको खूद आय रू. ... ... ...

जम्मा खूद आय रू ... ... ...

जम्मा खूद आय रू. ... ... ... सा आर्थिक ऐन २०३ ... अनुसार छूट कट्टी गरी बाँकी रकममा लाग्ने कर रू. ... ... ... मिति ... ... मा ... ... ... बैंक दाखिल गरिसकेकोले नपुग कर रू.... ... ... बैंक दाखिल गरेको भौचर संलग्न छ ।

करदाताको सही ... ... ... ...

६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## (ङ) आय निर्धारण समितिमा पेश गर्ने आय विवरण

श्री आय निर्धारण समिति

जिल्ला . . . . . . . . . . . . . . . . . नेपाल

महोदय,

मैले । हामीले गरेको . . . . . . . . . . . . . को लेखा नभएको आय निर्धारणको लागि म्यादभित्र तल लेखिएको विवरण पेश गरेको छु । छौं । त्यसमा आय निर्धारण होस् । समितिबाट निर्धारित आयमा कर अधिकृतबाट कर निर्धारण भएमा मेरो । हाम्रो । मन्जूर छ । मैले (हामीले) कुनै उजूर गर्ने छैन । छैनौं । सो आयमा ऐनबमोजिम आयकर निर्धारण भै कर कार्यालयको आदेशानुसार तोकिएको ठाउँमा निर्धारित करको रकम बुझाउने छ । छौं ।

१. व्यापार वा . . . . . . . . . . . . को मुख्य स्थानको नाम र ठेगाना . . . . . .

२. शाखाहरूको नाम र ठेगाना . . . . . . . . . . . . . . . . . .

३. व्यापार गरेको वस्तुको नाम . . . . . . . . . . . . . . . . .

४. व्यापारमा लगाइराखेको पूंजी . . . . . . . . . . . . . . .

(क) चालू पूंजी . . . . . . . . . .

(ख) रजिष्टर्ड पूंजी . . . . . . . . . . . . . . .

५. आय वर्ष . . . . . . . . . . . . . . . . . . . . . . . (श्रावण । आषाढ)

६. उक्त आय वर्षभित्र तल लेखिएको स्रोतबाट आर्जन वा प्राप्त गरेको आय विवरण . . .

| आयको स्रोत | प्राप्त आय रू. | कैफियत |
|---|---|---|
| (क) उद्योग, व्यापार, पेशा व्यवसायबाट | | |
| (ख) पारिश्रमिक | | |
| (ग) घर जग्गा वहाल | | |
| (घ) अन्य स्रोतहरू | | |
| जम्मा रू. | | |

७. माथि लेखिएको विवरण ठीक र साँचो छ । जानी जानी घटी वा झूट्टा लेखिएको ठहरे ऐनबमोजिम सजाय सहुँला बुझाउँला ।

८. विवरण अनुसार खूद आय रू. . . . . . . . . . . . . . . मा आर्थिक ऐन . . . बमोजिम हुने कर रू. . . . . . . . . . . . . सर्व संचित कोषमा अग्रिम दाखिल गरी सो दाखिला रसीद यसैसाथ संलग्न छ ।

दस्तखत गर्नेको नाम . . . . . . . .

दर्जा . . . . . . . .

फर्मसंगको सम्बन्ध . . . . . . . .

करदाताको स्वीकृत नाम, ठेगाना . . .

. . . . . . . . .

आयकर दर्ता नम्बर

६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अनुसूची– ४

(नियम ८ संग सम्बन्धित)

## पारिश्रमिक आयको वार्षिक विवरण

मितिः– ... ... ... ...

श्री कर अधिकृत,

... ... ... ...

... ... ... ... ।

महोदय,

यस कार्यालयका कर्मचारीहरूको आर्थिक वर्ष ... ... ... ... को पारिश्रमिक आयको वार्षिक विवरण देहायबमोजिम खोली पेश गरेको छु ।

| सि. नं. | कर्मचारीको नाम, थर र दर्जा | निजले सो भित्र पाउने | | | | | | | संचयकोषमा जम्मा गर्न कट्टी भएको रकम | सालभरको आय कर कट्टी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तलब | भत्ता | कमिशन | विशेष भत्ता | बोनस | घर सुविधा | अरू सुविधा | | | |
| | | | | | | | | | | | |

विवरण पेश गर्नेको दस्तखतः– ... ...

दर्जाः– ... ... ... ...

कार्यालयको नामः– ... ... ... ...

कार्यालयको छापः– ... ... ... ...

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ५
### (नियम ११संग सम्बन्धित)
### ह्रास कट्टीको दर

| माल सामान | ह्रास कट्टी दर प्रतिशतमा |
|---|---|
| १. आवास (होटल, रेष्टूराँ, लज समेत) कार्यालय, सिनेमाघर, नाचघर, गोदाम, शेड | |
| (क) आवास (होटल, लज, रेष्टूराँ समेत) कार्यालय सिनेमा नाचघर इत्यादि माटोको जोडाइ | ६ |
| (ख) गोदामघर, शेड, बज्र सुर्कीको जोडाइ | ४ |
| (ग) खास मेशीन जडान भएको घर, सिमेन्टको जोडाइ | २ |
| २. यातायातको साधन | |
| (क) हवाईजहाज | २५ |
| (ख) पानीजहाज | १० |
| (ग) ट्रक, लहरी, वुल्डोजर, क्रेन, ट्र्याक्टर, रेल इन्जिन ड्रोजर ग्रेडर | २० |
| (घ) बस, मिनिबस, भ्यान, कार, जीप | १५ |
| (ङ) साइकल, रिक्सा, मोटरसाइकल, टेम्पो र रिक्सा | १५ |
| (च) जनावरको प्रयोगबाट संचालन हुने साधन र डुंगामा | २५ |
| (छ) माथि नपरेका अन्य सवारी साधन | ७ |
| ३. फर्निचर | |
| (क) धातु | ८ |
| (ख) काठ र अन्यमा | १५ |
| सिनेमा, नाचघर, होटल, लज रेष्टूराँ आदिकोमा उपरोक्त दरमा ५० प्रतिशत थप दरबाट कट्टी गरिनेछ । | |
| ४. मेशीनरी | |
| (क) मेशीन औजार यन्त्र | १० |
| (ख) बिजुली, टेलिफोन | १० |
| (ग) होटल, रेष्टूराँको रेफ्रिजेरेटर ताप नियन्त्रण मेशीन र संगीत सम्बन्धी मेशीन र औजार समेत | ५ |
| (घ) लिफ्ट, इस्कालेटर तथा एलिभेटर | १० |
| (ङ) अफिस कार्यालयमा प्रयोग हुने टाइपराइटर, क्यालकुलेटर, डुप्लिकेटिंग मेशीन, फोटोकपी मेशीन र यस्तै उपकरणहरू | १० |
| (च) कृषि सम्बन्धी मेशीनहरू र ज्यावल | १५ |
| (छ) माथि परेका बाहेक अन्य मेशीनरी सामान | १५ |
| (ज) ट्रेकिंग टेण्ट, स्लिपिङ बेग, मेट्रेस, आईस एक्स र यस्तै अन्य | २० |
| (झ) ट्रेकिंगमा प्रयोग हुने भाँडाकुँडा | २५ |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

६७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।